# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## झुम्का, सुनसरी
## कोशी प्रदेश, नेपाल

प.स.:०८०।८१
च.नं. : ३५४

मितिः २०८१।०५।१९

(छाप: रामधुनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय झुम्का, सुनसरी कोशी प्रदेश, नेपाल)

श्री सम्पूर्ण सामुदायिक तथा निजी विद्यालय
रामधुनी नगरपालिका, सुनसरी।

बिषयः सहभागि छनौट गरी उपस्थित भइदिने सम्बन्धमा।

प्रस्तुत विषयमा "बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी" भन्ने मूल नाराका साथ राष्ट्रिय बाल दिवसको अवसरमा नगरस्तरीय "लोक नृत्य प्रतियोगिता २०८१" सम्पन्न हुन गइरहेकोले तहाँ विद्यालयमा अध्ययनरत कम्तिमा ६ र बढीमा १२ जना विद्यार्थी छनौट गरी विद्यार्थी एवम् विद्यालय परिवारलाई तपसिल उल्लेखित मिति, समय र स्थानमा उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

<u>तपसिलः</u>

मितिः २०८१।०५।२९ गते शनिबार

समयः विहान १० बजे

स्थानः श्री तेह बालबालिका स्मृति विद्यालय , रामधुनी -६, सुनसरी

समपर्क नं. अमन ढुङगेल - ९८४२५२९१२६, ९८१७७७२६२४

सुनिल तिमलसिना - ९८४२२३५६६३

............................
प्रमुख प्रशासकीय अधिकृत
( प्रमोद कुमार चौधरी )

(छाप: प्रमुख प्रशासकीय अधिकृत रामधुनी नगरपालिका)



CamScanner

# विद्यालय स्तरीय लोक नृत्य प्रतियोगिता २०८१

## लोक नृत्य प्रतियोगीता नियमहरु:

१. प्रतियोगिता विशुद्ध लोक संस्कृति झल्काउने लोक गीत सङ्गीतमा हुनु पर्ने छ।कुनै पनि चलचित्रमा प्रयोग भइसकेको लोक संस्कृति झल्किने गीत भए पनि त्यस्ता गीतलाई प्रतियोगितामा सामेल गराइने छैन नृत्य गर्दा नाटकीय भाव भन्दा नृत्य भावलाई बढि महत्व दिइनेछ। हातमा बोक्न सक्ने भन्दा बाहेकका कुनै भौतिक सामग्रीहरू प्रयोग गर्नपाइने छैन।

२. प्रतियोगितामा कम्तिमा ६ र बढिमा १२ जना हुनु पर्ने छ ।

३. प्रतियोगिता तर्फ कक्षा १ देखि १० सम्मका विद्यार्थी सहभागि हुन पाउने छन्।

४. प्रतियोगीहरूले प्रयोग गर्ने सम्पूर्ण सामाग्रीहरू तथा गीत आफैले व्यवस्थापन गर्नु पर्ने छ।

५. गीतको मर्म बाहेक महिलालाई पुरुष र पुरुष लाई महिला बनाई प्रतियोगितामा भाग लिन पाइने छैन।

६. भेषभुषा र गीतको बोल अनुसार बढी आकर्षकलाई बढी प्राथमिक दिइने छ।

७. प्रतियोगितामा कुनै पनि विवाद उत्पन्न भएमा प्रतियोगिता मूल आयोजक समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ।

८. निर्णयका मुख्य आधारहरु निम्नअनुसार हुनेछन।

| प्रस्तुतीकरण | ताल | मैलिकता | श्रृङगार तआ हाउभाउ | भेषभुषा | अनुशासन |
|---|---|---|---|---|---|
| २० | २० | १५ | २० | १५ | १० |

९. प्रत्येक टिमले बढिमा ४ देखि ५ मिनेट सम्मको नृत्य मात्र प्रस्तुत गर्न पाउने छन्। समय बढेमा त्यसको मल्याङ्कन हुने छैन।।

१०. रिमिक्स वा एक भन्दा बढी गीत मिसाएर नृत्य गर्न पाइने छैन ।

११. लोक नृत्य प्रतियोगिताको विषयलाई लिएर कुनै पनि नृत्य निर्देशकले ( कोरियो ग्राफरले) अनावश्यक विवाद सिर्जना गरी प्रतियोगिताको मर्यादा माथि आच आउने किसिमको अभिव्यक्ति दिने तथा क्रियाकलाप देखाउने कार्य गरेमा त्यस्ता नृत्य निर्देशक ( कोरियो ग्राफर) को नृत्यलाई बन्देज गरिनुका साथै ती नृत्य निर्देशकले भविष्यमा अन्य विद्यालयबाट नृत्य निर्देशक गरि ल्याएको नृत्यलाई पनि रेकर्ड राखी प्रतियोगितामा सहभागि हुन बन्देज गरिने छ।

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका